मन्थली नगरपालीका
नगरकार्यपालीकाको कार्यालय
पशु सेवा शाखा
बागमती प्रदेश नेपाल

# सूचना । सूचना ॥ सूचना ॥।

(दोश्रो पटक सूचना प्रकाशित मिति : २०७७।०७।१३ गते)

मन्थली नगरपालिका पशु सेवा शाखाको आ.व. २०७७।०७८ को पशु सेवा कार्यक्रम अर्न्तरगत **दुधमा आत्मनिर्भर (पशु विमा अनुदान कार्यक्रम)** अर्न्तरगत मंन्थली नगरपालिका भित्र स्थायी वसोवास गर्ने दुध उत्पादन गरी डेरी उघोगमा दुग्ध पदार्थ विक्रि वितरण व्यवसायमा संलग्न उन्नत गाई / भैसि पालन गर्ने कृषकहरूले ब्यहोंरनुपर्ने २५ प्रतिसत प्रिमियम शुल्क समेत अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेको हुदा यस मंन्थली नगरपालिकाको पशु सेवा शाखाले मिति २०७७।०६।०६ गतेका दिन ३० दिने सुचना प्रकाशित गरी प्रस्तावहरू माग गरिएकोमा उक्त सूचनाको म्याद भित्र प्रर्याप्त प्रस्तावहरू पेश हुन नआएको हुदा पून: यो सुचना प्रकाशित गरिएको मितिले १५ दिन (मिति २०७७।०७।२७ गते) भित्रमा तपसिल बमोजिमको विवरण बमोजिम आवश्यक कागजात सहित निवेदन पेश गर्नका लागि दोश्रो पटक यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ ।

तपसिल :

१. मान्यता प्राप्त पशु विमा कम्पनीबाट विमा गराईएको पोलिसी प्रमाण पत्रको प्रतिलिपी अनिवार्य संलग्न हुनुपर्नेछ ।

२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

३. तोकिएको ढांचामा लिखित निवेदन ।

४. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

५. प्रति कृषक बढिमा ८ माउ सम्म उन्नत गाई / भैसिको लागि मात्र यो अनुदान उपलब्ध गराईनेछ तथा व्याउने नभएका कोरली बाच्छि तथा थोरे पाडिहरू यस कार्यक्रममा समावेश गरिनेछैन ।

६. यो अनुदान प्राप्त गर्नको लागि सम्वन्धित कृषकले डेरी उघोगमा दुध उत्पादन गरि दुग्ध विक्रि वितरण गरेको हुनुपर्नेछ । अन्यको हकमा यस छनौट प्रक्रियामा समावेश गरिनेछैन ।

७. सम्वन्धित कृषकले वढिमा रू.७५०००। हजार भन्दा धेरै रकमको विमा गराएको भए पनि सो भन्दा वढि कृषकले ब्यहोंरनु पर्ने प्रिमियम रकमको अनुदान उपलब्ध गराईनेछैन ।

८. रित नपुगेका वा समय नाघि प्राप्त भएका निवेदनहरू छनौट प्रक्रियामा समावेश गरिने छैन ।

थप जानकारीको लागी : कार्यालयको वेवसाइट **www.manthalimun.gov.np** बाट हेर्ने वा यस कार्यालयको पशु सेवा शाखामा संम्पर्क राख्न हुन अनुरोध छ ।